धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १०८ ◆ २०८३ कात्तिक १७ मंगलबार ◆ Tuesday, November 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

स्याफ्रुबेँसी-खाम्जिङ जोड्ने अस्थायी काठेपुल सञ्चालनमा

❑ *प्रत्यूष समाचारदाता*



रसुवा । भोटेकोशी बाढीले सडक सञ्जाल टुटेपछि अवरुद्ध रसुवाको स्याफ्रुबेँसीबाट गोसाइँकुण्ड गाउँपालिकाका विभिन्न वडालाई जोड्ने काठेपुल सञ्चालनमा आएका छन् । स्थानीयवासीको आवतजावतलाई सहज बनाउन निर्माण गरिएको अस्थायी काठेपुल बिहीबारदेखि सञ्चालनमा आएको हो ।

गोसाइँकुण्ड गाउँपालिका-३ का वडाध्यक्ष मिङमार छिरिङ तामाङका अनुसार बाढीले सडक अवरुद्ध पारेपछि वडा कार्यालय र स्थानीयवासीको संयुक्त अगुवाइ तथा व्यवस्थापनमा लगातार तीन दिन लगाएर सो पुल निर्माण गरिएको हो । काठे पुल सञ्चालनमा आएसँगै गोसाइँकुण्ड गाउँपालिका-३ को खाम्जिङ, वडा नं २ को टिमुरे वडा नं ४ को लाङ्टाङ आवतजावत गर्ने स्थानीयवासीलाई सहज भएको वडाध्यक्ष तामाङले जानकारी दिनुभयो । वडा कार्यालय र स्थानीय युवाको पहलमा पुल निर्माण गरिएको हो । पुलका लागि आवश्यक काठ स्थानीयस्तरमा नै सङ्कलन गरिएको थियो ।

कोरला नाका हुँदै तीन हजार ७२५ मेट्रिकटन चिनियाँ फलफूल आयात

❑ *प्रत्यूष समाचारदाता*

मुस्ताङ । नेपाल-चीन उत्तरी कोरला नाका हुँदै आइतबारसम्म तीन हजार ७२५ मेट्रिकटन फलफूल चीनतर्फ बाट आयात भएको छ । गत भदौ २० गतेदेखि कोरला नाकाबाट चिनियाँ फलफूलजन्य मालवस्तु नेपाल भित्रिन थालेको हो ।

यो नाकाबाट हालसम्म ११ किसिमका फलफूल चीनबाट नेपालतर्फ भित्रिएका कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको क्वारेन्टाइन कार्यालयले जानकारी दिएको छ । रसुवाको भोटेकोशीमा आएको बाढीपछि रसुवा-केरुङ नाका भदौ १० गतेपछि पूर्ण रूपमा बन्द हुनुका साथै सिन्धुपाल्चोकको तातो पानी नाका लामो समयदेखि बन्द छ । ठूलो परिमाणमा चीनियाँ मालवस्तु नेपाल भित्रिने गरेकामा यी दुवै नाका बन्द हुँदा कोरला नाकाबाट चिनियाँ फलफूल नेपालतर्फ आयात हुन थालेको हो ।

रसुवागढी र तातोपानी नाका पूर्ण रूपमा बन्द भएपछिको करिब दुई महिनाको अवधिमा चीनतर्फबाट फलफूल आयातको परिमाण बढ्दै जान थालेको क्वारेन्टाइन कार्यालयका प्राविधिक सहायक बन्दना घर्तीमगरले जानकारी दिनुभयो । दसैँ-तिहार र छठपर्वलाई लक्षित गरी कोरला नाकाबाट चिनियाँ फलफूल नेपालतर्फ आयात भइरहेको उहाँको भनाइ छ । घर्तीमगरका अनुसार चीनबाट स्याउ, ड्रागन फ्रुट, नासपाती, आँप, अङ्गुर, किसमिस



लगायत फलफूल कोरलानाका हुँदै नेपाल भित्रिएको छ । अन्य फलफूलजन्य खाद्य पदार्थमा फर्सीको बीउ, लसुन र फापर नेपाल भित्रिएको उहाँले जानकारी दिनुभयो । करिब दुई महिनाको अवधिमा चाडपर्व लक्षित सबैभन्दा बढी बोक्रा भएको ओखर र स्याउ नेपाल भित्रिएको उहाँको भनाइ छ । यसअघि रसुवागढी नाकाबाट मार्ग परिवर्तन भई कोरला नाकाबाट भित्रिएका फलफूलजन्य पदार्थ ढुवानी गर्न गत असोज ११ गतेको बाढीपहिरो र नदी कटानले दुई साता बढी बेनी-जोमसोम सडक अवरुद्ध हुँदा समस्या परेको थियो । नाकाबाट भित्रिएका फलफूलको क्वारेन्टाइन परीक्षण तथा भन्सार जाँचपास भइसक्दासमेत गन्तव्यमा पुग्न सकेको थिएनन् । व्यवसायीद्वारा आयात गरिएको एक कन्टेनर ड्रागन फ्रुट बिग्रन थालेपछि मुस्ताङका स्थानीयलाई निःशुल्क वितरण गरिएको थियो ।

गौतमको निधनले राजनीतिक तथा सामाजिक क्षेत्रमा अपूरणीय क्षति : आचार्य

लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले नेकपा (एमाले) का पूर्वकेन्द्रीय सल्लाहकार तथा लुम्बिनी प्रदेशसभाका पूर्वसदस्य बाबुराम गौतमको निधनले राजनीतिक तथा सामाजिक क्षेत्रमा अपूरणीय क्षति पुगेको बताउनुभएको छ ।

गौतमको १३औँ दिनको पुण्यतिथिमा नेकपा (एमाले) बाँके जिल्ला कमिटीले सोमबार बाँकेको खजुरा गाउँपालिका-२ स्थित गौतम निवासमा आयोजित श्रद्धाञ्जली सभामा मुख्यमन्त्री आचार्यले गौतमलाई सादगीपूर्ण जीवनशैली, निष्ठापूर्ण राजनीतिक यात्रा र जनतामाझ लोकप्रिय व्यक्तित्वका रूपमा स्मरण गर्नुभयो । जिल्ला पार्टीले एक सच्चा, इमानदार र कर्तव्यनिष्ठ अभिभावक गुमाएको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले गौतमले अघि सारेका विचार र सिद्धान्तलाई आत्मसात् गर्दै अधुरा काम पूरा गर्न पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो । सो क्रममा बोल्नुहुँदै उहाँले गौतमप्रति सच्चा श्रद्धाञ्जली व्यक्त गर्ने माध्यम उहाँका विचार, सिद्धान्त र योगदानलाई व्यवहारमा निरन्तरता दिनु भएको बताउनुभयो । गौतम गुल्मीको थोर्गामा जन्मिएर बाँकेलाई कर्मथलो बनाउनुभएको थियो ।

सभामुख र स्विट्जरल्यान्डको राष्ट्रिय परिषद्का अध्यक्षबीच भेट

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सभामुख डोलप्रसाद (डिपी) अर्याल र स्विट्जरल्यान्डको राष्ट्रिय परिषद्का अध्यक्ष पियरे-आन्द्रे पेजबीच सोमबार शिष्टाचार भेटवार्ता भएको छ ।


सोमबार भएको भेटका अवसरमा सभामुख अर्यालले स्विट्जरल्यान्डको सहभागिता मूलक लोकतन्त्रको सफल अभ्यास र संस्थागत विकासको उच्च प्रशंसा गर्दै नेपालले पनि लोकतन्त्रलाई सुदृढ बनाउन तथा स्थानीय तहसम्म लोकतान्त्रिक संस्थालाई सशक्त बनाउने प्रयास गरिरहेको बताउनुभयो ।

सन् २०२६ को अगस्टमा रसुवा-भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीपछि स्विट्जरल्यान्डका राष्ट्रपति गाई पार्मेलिन, राष्ट्रिय परिषद्का अध्यक्ष महा-महिम पेज तथा स्वीस सङ्घीय परराष्ट्र विभागबाट नेपाल सरकार र नेपाली जनताप्रति व्यक्त गरिएको समवेदना सन्देशका लागि सभामुख अर्यालले आभार व्यक्त गर्नुभयो ।

उहाँले विपद्का बेला स्विट्जरल्यान्डले प्रदान गरेको ऐक्यबद्धता, मानवीय सहायता, कन्सुलर सहयोग तथा खोज तथा उद्धारसम्बन्धी सहयोगको उच्च प्रशंसा गर्नुभयो । साथै, मानवीय राहत तथा उद्धार प्रयासमा सहयोग पुर्याउन संयुक्त राष्ट्रसङ्घमार्फत स्विस सरकारले उपलब्ध गराएको २० लाख अमेरिकी डलर बराबरको मानवीय सहायताका लागि धन्यवाद व्यक्त गर्नुभयो ।

नेपाल स्विस विकास तथा सहयोग निकायका प्राथमिकता प्राप्त देशमध्ये एक रहेको उल्लेख गर्दै सभामुख अर्यालले स्विस विकास सहकार्यले नेपालको सामाजिक तथा आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याएको बताउनुभयो । उहाँले आगामी दिनमा नेपालसँगको विकास सहकार्यको दायरा अझ विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

सभामुख अर्यालले हालै गठित आठ सदस्यीय नेपाल-स्विस संसदीय मैत्री समूहमार्फत दुई देशबीचको संसदीय सम्बन्ध, सहयोग र अनुभव आदानप्रदानलाई थप सुदृढ बनाउन आफू प्रतिबद्ध रहेको बताउनुभएको उहाँको सचिवालयले जनाएको छ ।



स्विट्जरल्यान्डको राष्ट्रिय परिषद्का अध्यक्ष पेजले नेपालको विकासका लागि स्विट्जरल्यान्ड सबै प्रकारको सहयोग गर्न तयार रहेको बताउनुभयो । उहाँले नेपालजस्तो प्राकृतिक स्रोतसाधनले सम्पन्न मुलुकमा प्रकृतिप्रदत्त हिमाल र जलस्रोतको सदुपयोग गरी जलविद्युत् क्षेत्रको विकास गर्न सकिने धारणा व्यक्त गर्नुभयो ।

बाढीपछिको पीडामा नयाँ गीत

काठमाडौँ । 'आँखाको बसेको मान्छे आँशु बनेर झर्यो

बुझ्नै मान्दैन यो मन, नगर्नु मायाले गर्यो...'

गत भदौ १० गतेको विनाशकारी भोटेकोशी बाढीले निम्त्याएको पीडा, बिछोड र उजाडिएका सपनाहरू अब गीत बनेर गुञ्जिन थालेका छन् । बाढीपछि पीडितहरूको दुःख नजिकबाट देखेका केदार खतिवडाले त्यही पीडालाई 'आँखामा बसेको मान्छे' को बोलमा शब्दमा उतारेपछि संवेदनशील विषयका गजल गायकका रुपमा लोकप्रिय गायक थानेश्वर गौतमको स्वरमा नयाँ गीत बजारमा आएको छ ।

बाढीले कसैको प्रियजन खोस्यो, कसैको घरबार उजाड्यो त कसैको जीवनभरसँगै रहने सपना एकैछिनमा बगायो । आँखै अगाडि आफ्ना मान्छे र सपनाहरू गुमाउनु पर्दाको पीडा कति असह्य हुन्छ भन्ने अनुभूति बोकेको यो गीतले प्राकृतिक विपत्तिले मानिसको मनमा छाडेको गहिरो घाउलाई प्रेम र बिछोडका बिम्बमार्फत व्यक्त गरेको छ । यो गीत सुफि शैलीमा गाइएको छ । गीतकार खतिवडा बाढीबाट प्रभावित नुवाकोटको बेलकोटगढी नगरपालिकाका स्थायी बासिन्दा तथा किस्पाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ । "बाढीपछि उद्धार तथा राहतका काममा खटिएका विपत्तिमा परेका मानिसहरूको पीडा नजिकबाट जे देखेँ, सुनेँ र महसुस गरेँ । त्यही अनुभूति शब्दमा पोखेको हुँ ।", गीतकार खतिवडाले भन्नुभयो ।

गायक गौतमका 'रात किन हुन्छ हजुर दिन किन हुन्छ', 'नाकमा फुली, एम मेरी ठुली', लगायत करिब ५०० गीतमा आवाज दिइसक्नुभएको छ । उहाँका गीतहरु विभिन्न चलचित्रमा प्रयोग भएका छन् ।

एनपिएल क्रिकेट : कर्णालीमाथि काठमाडौँको जित

काठमाडौँ । नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटमा काठमाडौँ गोर्खाजले कर्णाली याक्सलाई हराउँदै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यायल अन्तराष्ट्रिय क्रिकेट मैदानमा सोमबार भएको पहिलो खेलमा काठमाडौँले कर्णाली याक्सलाई चार विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो । काठमाडौँ पहिलो खेलमा जनकपुर बोल्ट्स सँग आठ विकेटले पराजित भएको थियो । यता कर्णालीको भने लगातार दोस्रो जित पछिको यो पहिलो हार हो । कर्णालीले पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रनले हराएको थियो भने दोस्रो खेलमा विराटनगर किङ्ग्समाथि चार विकेटको जित निकालेको थियो ।

सोमबार कर्णाली याक्सले जितका लागि दिएको १८१ रनको लक्ष्य पच्छाएको काठमाडौँले १९ दशमलव चार ओभरमा छ विकेट गुमाउँदै पूरा गर्‍यो । काठमाडौँका लागि राशिद खानले उत्कृष्ट ब्याटिङ गर्दै ३३ बलमा सर्वाधिक ५० रन बनाए । उनले तीन चौका र दुई छक्का प्रहार गरे । त्यसैगरी कप्तान करण केसीले पनि आक्रामक ब्याटिङ गर्दै २० बलमा ४४ रन जोडे । उनले चार चौका र तीन छक्का प्रहार गरे । जाहन्दाद खानले अविजित २२ रन बनाए भने मोहम्मद आदिल आलमले २० रनको योगदान दिए । यता बलिङतर्फ कर्णालीका सोमपाल कामी र हुसेन तलातले समान दुई/दुई विकेट लिए भने मार्क वाट र नन्दन यादवले समान एक/एक विकेट हात पारे ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णालीले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो । कर्णालीका लागि अरिफूल इस्लामले आक्रामक ब्याटिङ गर्दै सर्वाधिक ४४ रन बनाए । उनले २२ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे ।

त्यस्तै हुसेन तलातले ३० बलमा ४० रन जोड्दा पवन सर्राफले अविजित ३० रन बनाए । गुल्शन झाले २० तथा मार्क वाटले १७ रनको योगदान दिए ।

काठमाडौँका लागि करण केसीले दुई विकेट लिए भने शाहब आलम, जाहन्दाद खान, देव शाह र सन्तोष यादवले समान एक/एक विकेट हात पारे ।

सोही स्थानमा सोमबारै भएको दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र चितवन राइनोजबीच प्रतिस्पर्धा भएको थियो ।

सम्पादकीय ....

देउवा पक्षको शक्ति फर्किएला ?

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको ऐतिहासिक राजनीतिक दल हो । तर, आज यही पार्टी आन्तरिक विवाद, नेतृत्वको टकराव र आधिकारिकताको प्रश्नमा अल्झिएको छ । पार्टीभित्रको विवाद समाधान हुन नसक्दा नेता तथा कार्यकर्ता दुई धारमा विभाजित भएका छन् । यसैबीच शेरबहादुर देउवा पक्षले विभिन्न जिल्लामा अधिवेशनको प्रक्रिया अघि बढाएपछि कांग्रेसको भावी राजनीतिक दिशा र आधिकारिकताबारे फेरि बहस सुरु भएको छ ।

देउवा पक्षले आफूलाई १४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको निरन्तरता मान्दै आएको छ । अर्कोतर्फ, गगन थापा नेतृत्वको पक्षले विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन गरेको र त्यसलाई निर्वाचन आयोगले मान्यता दिएको आधार प्रस्तुत गर्दै आएको छ । यस विवादमा सर्वोच्च अदालतको अघिल्लो निर्णयमाथि पुनरावलोकनको प्रक्रिया अघि बढेकाले देउवा पक्षले पनि आफ्नो दावी कायम राखेको छ । यसरी एउटै पार्टीमा दुई पक्षले आ-आफ्नो संगठनात्मक प्रक्रियालाई अघि बढाउनु कांग्रेसका लागि असामान्य परिस्थिति हो । देउवा पक्षले वडा, पालिका, क्षेत्रीय, जिल्ला तथा प्रदेश तहका अधिवेशनमार्फत आफ्नो संगठन बलियो बनाउने प्रयास गरिरहेको छ । जिल्ला अधिवेशनले स्थानीय तहमा कार्यकर्ताको सहभागिता बढाउन, संगठनात्मक संरचना व्यवस्थित गर्न र नेतृत्वप्रतिको समर्थन देखाउन सहयोग गर्न सक्छ । विभिन्न जिल्लामा सक्रियता बढ्दै जाँदा देउवा पक्षले आफ्नो राजनीतिक आधार बलियो बनाउने सम्भावना पनि रहन्छ । तर, एउटा महत्वपूर्ण प्रश्न छ–के जिल्ला अधिवेशन गर्दैमा कांग्रेसको आधिकारिकता विवाद टुङ्गिन्छ ? यसको उत्तर त्यति सहज छैन । पार्टीभित्रको संगठनात्मक शक्ति र कानुनी आधिकारिकता फरक विषय हुन् । जिल्ला अधिवेशनबाट कार्यकर्ताको समर्थन देखिए पनि त्यसले मात्र पार्टीको नाम, चुनाव चिह्न र आधिकारिक नेतृत्वमाथिको विवाद समाधान गर्दैन । त्यसका लागि पार्टी विधान, निर्वाचन आयोगको निर्णय र अदालतबाट हुने कानुनी निरूपण महत्वपूर्ण हुन्छन् ।

देउवा पक्षले जिल्ला तहमा समर्थन जुटाउन सके पनि त्यसलाई केन्द्रीय तहसम्म एकीकृत गर्नुपर्ने चुनौती छ । पार्टीका पुराना नेता, युवा पुस्ता र विभिन्न समूहबीच सहमति कायम नगरेसम्म संगठनात्मक एकता हासिल गर्न कठिन हुनसक्छ ।

नेपाली कांग्रेसको अहिलेको प्राथमिकता केवल नेतृत्वको दाबी स्थापित गर्नु मात्र हुनुहुँदैन । देशमा सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी, शिक्षा, स्वास्थ्य र विकास निर्माणका विषयमा जनताले राजनीतिक दलबाट स्पष्ट दृष्टिकोण खोजिरहेका छन् । यस्तो अवस्थामा पार्टीको आन्तरिक विवादमै समय खर्चिनुभन्दा जनताका मुद्दामा केन्द्रित हुनु आवश्यक छ ।

देउवा पक्षका जिल्ला अधिवेशनले संगठनात्मक शक्ति कति छ भन्ने देखाउन सक्छन्, तर आधिकारिकताको विवाद टुङ्गयाउने निर्णायक आधार कानुनी प्रक्रिया र सम्बन्धित निकायका निर्णय नै हुनेछन् । दुवै पक्षले आफ्नो अडानलाई मात्र प्राथमिकता दिनुभन्दा संवाद, सहमति र विधिसम्मत समाधान खोज्नुपर्छ । कांग्रेसको वास्तविक जित एउटा पक्षले अर्को पक्षलाई पराजित गर्नुमा होइन, पार्टीको एकता जोगाउँदै लोकतान्त्रिक मूल्य र जनताको विश्वास कायम राख्नुमा छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

प्रकृति, संस्कृति र ऐतिहासिकताले सम्पन्न पर्यटकीय गन्तव्य मकवानपुर

वासुदेव पौडेल

प्रकृति र संस्कृतिका साथै ऐतिहासिकताका दृष्टिले सम्पन्न जिल्ला हो मकवानपुर । प्रकृति, संस्कृति र इतिहासलाई पर्यटकीय सम्पदाका रुपमा जोड्नका लागि निरन्तर प्रयासहरू भइरहे पनि यहाँका गन्तव्यहरूमा अपेक्षित पर्यटक भने भित्र्याउन सकिएको छैन ।

बागमती प्रदेशको राजधानी समेत रहेको हेटौंडासहित यहाँका १० वटै पालिकामा विभिन्न पर्यटकीय गन्तव्यहरू रहेका छन् । थुप्रै गन्तव्यहरू रहेको जिल्लामा यसअघि २०७६ सालमा यहाँका १० वटै पालिकाका तीन/तीन वटा गन्तव्यलाई पर्यटकीय स्थलका रुपमा पहिचान गरी पर्यटकीय गन्तव्य निर्धारण गरिएको थियो । यसक्रममा यहाँका पालिकाहरूमध्ये हेटौंडा उपमहानगरपालिकामा शहीद स्मारक, चुरियास्थित सुरुङमार्ग र चुरियामाई मन्दिर तथा गुम्बाडाँडामा रहेको मूर्तिकला बगैंचालाई पर्यटकीय गन्तव्यका रुपमा छनोट गरिएको थियो । त्यतिबेला थाहा नगरपालिकामा रहेका दामन, सीमभञ्ज्याङ्ग, चित्लाङ र राष्ट्रिय विभूति पार्कलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो भने मनहरि गाउँपालिकामा रहेका शान्ति पार्क, रमौली जङ्गल सफारी र बनकरिया होमस्टे छनोट भएका थिए । मकवानपुर गढी गाउँपालिकामा सेनकालीन इतिहास को साक्षी मकवानपुरगढी दरबार क्षेत्र, मनकामना मन्दिर र सहिद रुद्रबाटिका पार्क पर्यटकीय गन्तव्यमा समेटिएका थिए ।

भीमफेदी गाउँपालिकाका ऐतिहासिक चिसापानी गढी, हात्तीसार र त्रिखण्डी मन्दिर क्षेत्रका साथै राक्सिराङ गाउँपालिकाका पाइराङ भीम्बुङ, जलपरि झरना, चमेरे गुफा र चैनपुरस्थित चेपाङ सङ्ग्रहालयलाई पर्यटकीय गन्तव्य छनोट गरिएको थियो । इन्द्रसरोवर गाउँपालिकास्थित इन्द्रसरोवर ताल, भालेश्वर मन्दिर र मदन भण्डारी फाखेल मैत्रीपार्क, चौकोट देवी मन्दिरलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो भने कैलाश गाउँपालिकाका कैलाश बैकुण्ठ, देखारी र घैराङ पर्यटक पार्कलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो ।

बकैया गाउँपालिकाको गौतमबुद्ध पर्यटन पार्क, धानेश्वर पार्क र बकैया ठाकुर पर्यटन पार्क एवम् बागमती गाउँपालिकामा रहेका झुरझुरेस्थित शहीद स्मारक पार्क, गोल्मे दरबार क्षेत्र र बेतिनीस्थित बनभोज स्थललाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो । प्रत्येक पालिकाका तीन/तीनवटा गन्तव्य लाई पर्यटकीय गन्तव्यका रुपमा छनोट गरिए पनि तिनीहरूको आवश्यक प्रवर्द्धन भने हुन नसकेको पर्यटन क्षेत्रका जानकारहरू बताउँछन् । पछिल्ला वर्षमा यहाँका हरेक पालिकाले पर्यटन र कृषिलाई नै मुख्य प्राथमिकतामा राखेको पाइन्छ । हेटौंडासहित जिल्लाका विभिन्न गन्तव्यहरू पर्यटन प्रवर्द्धनको पखाईमा रहेको हिमालयन राइडर्स सोसाइटी हेटौंडाका अध्यक्ष राजु थापा गमरले बताउनुभयो । जिल्लाका गन्तव्यहरू पर्यटकीय उपयोग गर्नका लागि स्थानीय तहहरूको विशेष सकृयता आवश्यक हुने उहाँको भनाइ छ । पर्यटनमा धेरै सम्भावित ठाउँ हुँदाहुँदै यसको उचित उपयोग हुन नसकेको वास्तविकतालाई सबैले मनन् गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो । कुनकुन छन् त प्रमुख पर्यटकीय गन्तव्य

हेटौंडास्थित सहिद स्मारक मकवानपुरमा धेरै पर्यटकहरू आउनेमध्येको एक गन्तव्य हो । पर्यटकलाई लक्षित गरी वर्षको ३६५ दिन नै यो स्मारक खुला राख्ने गरिएको छ । विशेषगरी बिदाका समयमा ठूलो सङ्ख्यामा पर्यटकहरू स्मारक क्षेत्रको भ्रमण गर्ने गरेको कार्यालयका लेखा अधिकृत आशिष बिडारी बताउनुहुन्छ । विभिन्न शैक्षिक संस्थाको अवलोकन भ्रमणसँगै व्यक्तिगत रुपमा हेटौंडामा घुम्न आउने पर्यटकका लागि पनि यो नछुटाउने गन्तव्यजस्तै बनिरहेको छ । विशेषत: सार्वजनिक बिदाका दिनमा ठूलो सङ्ख्यामा पर्यटकहरू आउने गरेको स्मारकमा नयाँ वर्षको दिनमा त यहाँ ३० हजारसम्म पर्यटक आउने गरेको तथ्याङ्क छ ।

स्मारक घुम्न आउने पर्यटकका लागि विभिन्न दरका टिकट दस्तुर निर्धारण गरिएको छ । नेपाली सर्वसाधारणका लागि प्रतिव्यक्ति रु ५०, विद्यार्थीका लागि रु ३० टिकट शुल्क तय गरिएको छ । विदेशी पर्यटकमध्ये सार्क राष्ट्रका पर्यटकका लागि रु १०० र अन्य विदेशी मुलुकका पर्यटकका लागि रु १५० टिकट शुल्क निर्धारण गरिएको छ । विभिन्न कालखण्डमा भक्ति थापादेखि २०४६ सालसम्मका सहिदहरुलाई समेट्ने गरी १२ जना सहिद र ज्ञातअज्ञात सहिदको प्रतिनिधिको रुपमा एक/एक महिला र पुरुषको अमुक आकृति समावेश गरी बनाइएको सहिद स्मारकको तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५१ माघ १७ गते अनावरण गर्नुभएसँगै स्मारकको विकासक्रम सुरु भएको थियो । स्मारक परिसरमा बनभोजस्थलदेखि बालबालिकाको मनोरञ्जनका लागि चिप्लेटी, पिङ, जीप, ट्रेन, आदि रहेको छ भने वयस्कको लागि रोटेपिङ, नाउडुङ्गा, फ्लाइङ चेयर, फ्लाइङ कार आदि सञ्चालित छन् । त्यस्तै साहसिक मनोरञ्जनात्मक खेलहरू जिपलाइन, रोलर कोस्टर जिपलाइन, स्काइ साइकल पनि सञ्चालन गरिएको छ । साहसिक मनोरञ्जनात्मक खेलका लागि निजी क्षेलाई लिजमा दिएर सञ्चालन गरिएको छ भने हालै जातीय सङ्ग्रहालय समेत स्थापना गरिएको छ । स्मारक परिसरमा ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनका अगुवाहरू विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ र गणेशमान सिंहको पूर्णकदको प्रतिमासहित आकर्षक बगैंचा, फाउण्टेनसहितको प्रजातान्त्रिक पार्क, सम्पूर्ण सहिदहरूलाई एकै थलोमा स्मरण गर्न ६५ फिट अग्लो १९ मिटर गोलाइको सहिदस्तम्भ, चिडियाघर आदि संरचना रहेका छन् । हेटौंडा उपमहानगर क्षेत्रभित्रै रहेका दक्षिण एशियाकै पहिलो चुरिया सुरुङ मार्गदेखि चुरिया माई, हर्नामाडीमा रहेको १४ देशका २३ मूर्तिकारले सिर्जना गरेका मूर्ति राखिएको मूर्ति संग्रहालय, जुरेथुमस्थित ४२ फिट अग्लो श्रीकृष्णको मूर्ति आदि गन्तव्यहरूमा अझै अपेक्षित पर्यटक पुऱ्याउन सकिएको छैन । हेटौंडाकै महाभारतकालीन इतिहासको साक्षी भुटनदेवी मन्दिर, कुष्माण्ड सरोवर त्रिवेणीधाम, एक दिवशीय हाइकिङ सँग जोड्न सकिने भैरवडाँडास्थित पाथीभर मन्दिर आदि स्थानहरू प्रवर्द्धनको पर्खाइमा छन् त्यस्तै वृन्दावन, पुष्पलाल पार्क, गुम्बा डाँडा (मूर्तिकला उद्यान), र जुरेथुम आदि यहाँका महत्वपूर्ण सम्पदास्थल हुन् । हेटौंडाको पर्यटकीय सम्भावनालाई लक्षित गरी उपमहानगर पालिकाले पर्यटन केन्द्रित विभिन्न कार्यक्रमहरू अघि बढाइरहेको उपमहानगर पाकिका प्रमुख मीनाकुमारी लामाले बताउनुभयो । उपमहानगर पालिकाले हेटौंडा पर्यटन वर्ष २०८३ को आधिकारिक प्रतीक चिह्न (लोगो) सार्वजनिक गर्ने तयारी गरेको छ । उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार 'हेटौंडा पर्यटन वर्ष २०८३' मनाउने सन्दर्भमा उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थल हरूलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'हेटौंडा पर्यटन वर्ष २०८३' को आधिकारिक प्रतिक चिह्न तयार गर्न लागिएको प्रमुख लामाले बताउनुभयो ।

उक्त प्रतीक चिह्न तयार गर्ने सम्बन्धमा उपमहानगरले सार्वजनिक सूचना जारी गर्दै इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा सङ्ग/संस्थाहरूलाई आह्वान समेत गरेको थियो । उपमहानगरपालिकाबाट सञ्चालन भइरहेका विभिन्न कार्यक्रमलाई पर्यटन वर्षकै सन्दर्भमा जोडेर सञ्चालन गरिँदै आइएको उहाँले बताउनुभयो । "उपमहानगरपालिका पर्यटनलाई प्राथमिकतामा राख्दै अघि बढिरहेको छ", उहाँले भन्नुभयो, "पर्यटन लक्षित विभिन्न पूर्वाधार विकासमा सहयोगसँगै प्रवर्द्धनमा हामीले जोड दिदै आएका छौं ।" मकवानपुर जिल्लाकै पर्यटकीय गन्तव्यमध्ये मकवानपुर गढी गाउँपालिकास्थित ऐतिहासक मकवानपुरगढी इतिहासको साक्षी हो । नेपालको एकीकरणपूर्व एउटा शक्तिशाली राज्यका रुपमा रुपमा रहेको मकवानपुरगढी दरबार तत्कालीन वास्तुकला शिल्पको अनुपम उदाहरण समेत हो । सेनवंशी राजाको इतिहासदेखि नेपाल एकीकरणका ऐतिहासिक पक्षहरूको जीवन्त साक्षी यो दरबार वर्तमानमा भने मकवानपुरकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा चासो र चर्चा कमाएको गन्तव्य हो । हेटौंडाबाट करिब १६ किलोमिटर पूर्व कान्ति राजपथ सडकसँगै समुद्री सतहदेखि एक हजार १७ मिटर उचाइमा रहेको यस गढीले नेपालको एकीकरण हुनुपूर्व सेनवंशीय शासनको ऐतिहासिक विरासतको जीवन्त इतिहासलाई झल्काउने गरेको छ । गढीले परम्परागत तर तत्कालीन उन्नत वास्तुकलाको ज्वलन्त उदाहरणसँगै उक्त काल खण्डको राज्यको सुरक्षात्मक उपायलाई जीवन्त रुपमा चित्रण गरेको छ ।

मकवानपुरकै राक्सिराङ गाउँपालिका-३ गलमटे केराबारीमा रहेको 'जलपरी झरना' जिल्लाको अर्को महत्त्वपूर्ण पर्यटकीय आकर्षण हो । हेटौंडाको मुख्य बजारबाट ३० किलोमिटर दूरी र मनहरिबाट करिब १० किलोमिटर दूरी पार गरेपछि यस जलपरी झरनामा आउने आउन सकिने राक्सिराङ गाउँपालिका वडा नं ३ का वडाध्यक्ष उत्तम वाइबाले बताउनुभयो । पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परिरहेको यस झरनाको प्रवर्द्धनसँगै यहाँको पूर्वाधार विकासका लागि वडा कार्यालय निरन्तर लागिरहेको सो क्रममा उहाँले बताउनुभयो ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,



- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनत: दण्डनीय हुन्छन् ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

सूचना र संस्कृति संरक्षणमा चेपाङ रेडियो

चितवन । यहाँको पहाडी क्षेत्रमा बसोबास गर्ने चेपाङ समुदाय आफ्नै भाषा, संस्कृति, रीतिरिवाज र रहनसहनका लागि परिचित छ ।

तर, सञ्चार तथा सूचना प्रविधिको पहुँच पर्याप्त नहुँदा कतिपय बस्तीका नागरिक अझै टेलिफोन र इन्टरनेट सुविधाबाट वञ्चित छन् । यस्तो अवस्थामा समुदायलाई आफ्ना अधिकार, राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाबारे जानकारी दिन र भाषा तथा संस्कृति संरक्षण गर्न आफ्नै रेडियो सञ्चालन गरिएको छ ।

चितवनको कालिका नगर पालिका-९, शक्तिखोरमा सञ्चालित सामुदायिक रेडियो आफ्नो एफएम ८७.६ मेगाहर्जले कालिका नगर पालिका, राप्ती नगरपालिका तथा इच्छाकामना गाउँपालिकाका पहाडी क्षेत्रमा बसोबास गर्ने चेपाङ समुदायलाई लक्षित गरी कार्यक्रम प्रसारण गर्दै आएको छ ।

स्थानीय भाषामा समाचार, जनचेतना मूलक कार्यक्रम, मनोरञ्जन तथा समुदायका हकहितका विषय प्रसारण गर्दै आएको रेडियो सञ्चारका अन्य माध्यमको पहुँच नभएका बस्तीमा सूचनाको महत्त्वपूर्ण स्रोत बनेको छ। प्रजा एकता उत्थान समाजद्वारा सञ्चालित उक्त रेडियो विसं २०७८ मा स्थापना गरिएको हो । चेपाङ समुदायको हकहित, अधिकार तथा आर्थिक र सामाजिक विकासका क्षेत्रमा काम गर्दै आएको समाजले सूचना अभावका कारण समुदायका नागरिक राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाबारे जानकारी पाउन बाट वञ्चित भएको महसुस गरेपछि रेडियो सञ्चालनमा ल्याएको रेडियोका अध्यक्ष मङ्गल सिंह चेपाङले बताउनुभयो । उहाँले भन्नुभयो, “चेपाङहरू सूचना सम्प्रेषण, अधिकार र जनचेतनाका कुरामा पछि छौं । राज्यबाट आउने सेवा सुविधाका बारेमा कतिपय सूचना अभावले गर्दा पछि परेको महसुस भयो । त्यस कारण हामीले विसं २०७८ मा चेपाङको आफ्नै रेडियो स्थापना गर्‍यौं ।”

रेडियोले दैनिक १७ घण्टा विभिन्न कार्यक्रम प्रसारण गर्दै आएको सिंहले जानकारी दिनुभयो। सञ्चारका अन्य माध्यमको पहुँच नभएका बस्तीमा सूचना पुर्याउनु र चेपाङ समुदायलाई आफ्ना अधिकार तथा अवसरबारे सुसूचित बनाउनु रेडियोको मुख्य उद्देश्य रहेको छ। उहाँले भन्नुभयो, “जहाँ फोन लाग्दैन, जहाँ इन्टरनेट चल्दैन, त्यस्ता ठाउँमा रेडियोमार्फत सूचना सम्प्रेषण गर्ने र चेपाङ समुदायलाई सूचनासम्बन्धी जानकारी दिने मुख्य उद्देश्य हो ।” रेडियोले चेपाङ समुदायका हकहित, सामाजिक समस्या, जनचेतना र सांस्कृतिक पहिचानसँग सम्बन्धित विषयलाई प्राथमिकता दिँदै आएको छ । विशेषगरी कालिका नगरपालिकाका, राप्ती नगरपालिकाको माथिल्लो पहाडी भेग तथा इच्छाकामना गाउँपालिकाका चेपाङ बस्तीलाई लक्षित गरी कार्यक्रम सञ्चालन भइरहेको उहाँले बताउनुभयो ।

रेडियोका स्टेशन म्यानेजर मदन चेपाङका अनुसार समुदायको विकाससँगै भाषा, परम्परा र सांस्कृतिक पहिचान संरक्षणलाई पनि रेडियोले प्राथमिकता दिएको छ । आफ्नै भाषामा प्रसारण हुने कार्यक्रम चेपाङ समुदायका स्रोताले रुचाउने गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, “हाम्रो स्रोता आफ्नै समुदायका हुनुहुन्छ । उहाँहरूले रेडियोलाई रुचाउनुभएको छ। चेपाङ समुदायको विकासका निम्ति विभिन्न सूचना, समाचारसँगै विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छौं ।”

दैनिक १८ किलोमिटर मात्रा गरेर भारोत्तोलन प्रशिक्षणमा नामी

महेन्द्रनगर । कञ्चनपुरको झलारी बजारकी १५ वर्षीया नामी लामिछानेको भारोत्तोलन खेलप्रतिको लगाव, मेहनत र समर्पण प्रेरणादायी छ। घरमा हुँदा इन्टरनेटको सहाराले भारोत्तोलन खेलप्रतिको रुचि बढाएकी किशोरी उनी भारोत्तलन प्रशिक्षण हलसम्म पुग्न थालेकी छिन् ।

पछिल्लो पाँच महिनायता महेन्द्रनगरस्थित कबर्ड हलमा भारोत्तलन प्रशिक्षण लिइरहेकी आसन्न १०औं बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिताका लागि नामी प्रयासरत छिन् ।

यहाँको शुक्लाफाँटा नगर पालिका-१० झलारी बजारबाट उनलाई महेन्द्रनगरस्थित भारोत्तलन प्रशिक्षण का लागि कर्बड हलसम्म पुग्न दैनिक ३६ किलोमिटर आवातजावत सार्वजनिक यातायात मार्फत गर्नुपर्छ । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि हुने जिल्ला छनोटको तयारीमा रहेकी लामिछाने दैनिक रु १०० बस भाडा तिरेर महेन्द्रनगर आउने गरेको बताउँछिन् । “युट्यूबमा भारोत्तलन हेर्दा धेरै रुचि भएर बुवाको प्रेरणाले झलारीबाट दैनिक प्रशिक्षणका लागि महेन्द्रनगर पुग्छु”, उनले भनिन्, “भारोत्तलनको खेलाडी बन्ने मेरो सपना भइसक्यो । सङ्घर्ष र लगनशीलताले सपनालाई पछ्याइ रहेकी छु ।” दैनिक झलारी-महेन्द्रनगरको यात्रा गर्न सहज नभएपनि खेलप्रतिको लगावले हरेक कठिनाइलाई सहज बनाइदिएको लामिछानेको भनाइ छ। “बुवाचन्द्र लामिछाने पहिले यहीआएर जीम गर्नुहुन्थ्यो”, उनले भनिन्, “मेरो रुचि र बुवाको प्रेरणाले भारोत्तलन मा प्रवेश गरेको छु ।”

झलारीको चन्द्रसूर्य बाल विद्यालयमा कक्षा-९ मा अध्ययनरत लामिछानेले पढाइलाई पनि खेलकुदसँगै अघि बढाएको बताउँछिन् । “अब भारोत्तलनलाई निरन्तरता दिएर अघि बढ्छु । बरु यातायात समितिले बस भाडामा सहज गरिदिए आर्थिक रूपमा सहज हुने थियो”, उनले भनिन् । यता कञ्चनपुरका भारोत्तलन प्रशिक्षक जीवन गौतमले प्रशिक्षणरत लामिछानेको बलियो इच्छाशक्तिसँगै प्रशिक्षणमा निकै मेहनत गरिरहेकी बताउनुभयो । “चार/पाँच वर्षयता भारोत्तलनमा नयाँ महिला खेलाडी आउने क्रम रोकिएको थियो”, उहाँले भन्नुभयो, “नामीले अहिले प्रशिक्षणमा हाम्रो उच्चस्तरको क्षमता देखाइसकेकी छिन् । खेलमा निरन्तरता भए राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरकै खेलाडी बन्नेसक्ने छनक देखिएको छ ।” प्रशिक्षक गौतमले भारोत्तोलन खेलप्रति उनको लगाव, मेहनत र समर्पण प्रेरणादायी रहेको बताउनुभयो । “नामीजस्ता खेलप्रति उच्चलगाव भएका खेलाडीलाई परिवार, समाज र राज्यकै सहयोग हुनुपर्छ”, उहाँले भन्नुभयो, “सफलताप्राप्तगर्न उमेर होइन, बलियो इच्छाशक्ति र निरन्तर प्रयास चाहिन्छ ।” उहाँले महेन्द्रनगरले यसअघि पनि एक दर्जन महिला खेलाडीलाई राष्ट्रियस्तरमा पुर्याइ सकेको बताउनुभयो। लामिछानेको खेलप्रतिको समर्पण र मेहनत देखेर प्रशिक्षक गौतम उत्साही र आशावादी हुनुहुन्छ ।

राष्ट्रिय परिचयपत्रको विवरण प्रमाणीकरण नभए पनि सेवा प्रवाह हुन्छ

काठमाडौं । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्रको विवरण प्रमाणीकरण नहुँदा पनि सार्वजनिक सेवा प्रवाह भइरहेको स्पष्ट पारेको छ। सोमबार एक सूचना जारी गर्दै विभागले राहदानी, बैंक तथा वित्तीय सेवा, सवारी चालक अनुमतिपत्रलगायत सेवा प्रवाहमा समस्या नहुने उल्लेख गरेको हो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नागरिकको विवरण प्रमाणीकरणमा ढिलाइ भए पनि सार्वजनिक सेवा नरोक्न सम्बन्धित निकायलाई विभागले आग्रह गर्दै परिचयपत्रको विवरण प्रमाणीकरण नभए पनि सरोकार भएकाहरूलाई नियमित रूपमा सार्वजनिक सेवा प्रवाह भइरहेको जनाएको हो ।

विभागका अनुसार राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा नागरिकको विवरण दर्ता तथा राष्ट्रिय परिचय नम्बर जारी गर्ने कार्य नियमित रूपमा भइरहेको छ । तर, नागरिकको विवरण प्रमाणीकरण गर्न आवश्यक पर्ने अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टमको क्षमताका कारण केही नागरिकको विवरण प्रमाणीकरणमा ढिलाइ भएको हो ।

विभागले गत असोज १ गतेपछि राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराई राष्ट्रिय परिचय नम्बर प्राप्त गरेका नागरिकको हकमा यस्तो समस्या देखिएको जनाएको छ । ‘अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टम’ (स्वचालित रूपमा मानिसको विवरण प्रमाणीकरण गर्ने प्रणाली) को क्षमता विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको उल्लेख गर्दै विभागले आगामी दुई साताभित्र उक्त कार्य सम्पन्न भई विवरण प्रमाणीकरण सेवा नियमित हुने अपेक्षा गरेको छ ।

विभागले यस विषयमा राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीसँग अन्तरआवद्ध भएका सेवाप्रदायक निकायलाई जानकारी गराउनुका साथै आवश्यक समन्वय गरिसकेको जनाएको छ। पछिल्लो समय राष्ट्रिय परिचयपत्रसम्बन्धी विवरण प्रमाणीकरणमा समस्या हुँदा विशेषगरी सवारी चालक अनुमति पत्र सम्बन्धी सेवा लिन असहज भएको भन्दै सेवाग्राहीबाट गुनासो आउने गरेको थियो । यस्तो अवस्थालाई सम्बोधन गर्दै विभागले गत असोज १ गतेपछि विवरण दर्ता गरी राष्ट्रिय परिचय नम्बर प्राप्त गरेका नागरिकको विवरण प्रमाणीकरण नभएकाहरू सार्वजनिक सेवा प्राप्त गर्नबाट वञ्चित हुन नपर्ने जनाएको छ। व्यवस्थाबारे जानकारी गराउँदै प्रमाणीकरणमा देखिएको प्राविधिक समस्याका कारण सेवाग्राहीलाई सेवा प्राप्त गर्न असहज हुने अवस्था हुन नदिन आग्रह गरेको छ ।

वन पैदावार बिक्री विरणमा लगाइएको रोक खुलाउन व्यवसायीको माग

सुदूरपश्चिम । पर्यावरण संरक्षण तथा वन पैदावार व्यवसायी सङ्घले कैलालीमा चार महिनादेखि रोकिएको वन पैदावारको सङ्कलन, बिक्री वितरण तथा ओसारपसार तत्काल खुलाउन माग गरेको छ।

व्यवसायी सङ्घ कैलालीले सोमबार धनगढीमा पत्रकार सम्मेलन गरी काठ तथा दाउराको सङ्कलन, बिक्री वितरण र ओसार-पसारमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन प्रदेश सरकारसँग माग गरेको हो ।

सो क्रममा सङ्घले यसअघि पटकपटक व्यवसाय सञ्चालनको वातावरण बनाउन आग्रह गरे पनि कुनै सुनुवाइ नभएको भन्दै पत्रकार सम्मेलन मार्फत पुनःआग्रह गर्नुपरेको जनाएको छ । सङ्घका अध्यक्ष प्रकाशबहादुर खड्काले प्रदेश सरकारले केही वनमा देखिएको समस्या र अनियमितताको छानबिन का नाममा जिल्लाभरिका वन पैदावारको कारोबार रोक्नु न्यायोचित नभएको बताउनुभयो । उहाँले प्रतिबन्धका कारण काठ व्यवसायमा आश्रित परिवार, मिल सञ्चालक, फर्निचर व्यवसायी, अन्य व्यवसायी तथा उपभोक्तासमेत प्रभावित भएको बताउनुभयो ।

लामो समयसम्म काठ बिक्री वितरण रोकिँदा व्यवसायीले बैंकको ब्याज तथा किस्ता तिर्न नसक्ने अवस्था आएको, काठको गुणस्तरमा ह्रास आउने जोखिम बढेको र राज्यले प्राप्त गर्ने २५ प्रतिशत राजस्वसमेत गुमिरहेका तर्फ सरकारको ध्यानाकर्षण गराइएको छ । अध्यक्ष खडकाले भन्नुभयो, “सुदूर पश्चिमका अन्य आठ जिल्लामा काठ खुला छ, तर कैलालीमा मात्रै करिब पाँच महिनादेखि काठ बिक्रीवितरण बन्द गरेर समस्या पारिएको छ। यसलाई गम्भीरतापूर्वक लिन आग्रह गर्दछौं।” डिभिजन वन कार्यालय धनगढी अन्तर्गतका चार र पहलमानपुर अन्तर्गतका छ सामुदायिक वनमा योजनाभन्दा बढी रुख कटान गरी कारोबार गर्न लागेको भन्दै उजुरी परेपछि प्रदेश सरकारले गत असार ९ गतेदेखि काठ बिक्री वितरणमा रोक लगाएको थियो ।

सुदूरपश्चिम प्रदेशसभा, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको निर्देशनपछि प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले छानबिनका लागि भन्दै मातहतका कार्यालयलाई बिक्री तथा वितरण रोक्न निर्देशन दिएको थियो। त्यसयता जिल्लामा सङ्कलन गरी घाटगद्दीमा राखिएको र लिलामका लागि प्रक्रिया पूरा गरिएको काठसमेत बिक्री हुन सकेको छैन ।

गत असार १० गते मन्त्रीस्तरीय निर्णयबाट वरिष्ठ डिभिजनल वन अधिकृत गोकुल रिजालको संयोजकत्वमा गठित तीन सदस्यीय छानबिन समितिले सोही महिनामा प्रतिवेदन बुझाइ सके पनि त्यसमाथि सुनुवाइ भएको छैन ।

कात्तिक १६ सम्म सात हजार ६८८ विपद्का घटना

काठमाडौं । चालु वर्षको वैशाख १ गतेदेखि आज कात्तिक १६ गतेसम्म देशभर सात हजार ६८८ वटा विपद्का घटना भएका छन् ।

उक्त घटनामा परी ४०२ जनाको मृत्यु भएको छ भने १७ जना अझै बेपत्ता छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सर्पदंश, पहिरो, बाढी, चट्याङ, आगलागी, लेक लाग्ने, जनावरको आक्रमण, हिउँपहिरो, हावाहुरी, भारी वर्षा, डुङ्गा पल्टिने, वन डढेलो, विस्फोटन, असिना र भूकम्पलगायतका विपद्का घटना भएका हुन् ।

प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार उक्त अवधिमा पहिरोबाट एक हजार ७३५, सर्पदंशका एक हजार ६६८, आगलागीका एक हजार ६४१, भारी वर्षाका ५९३, हावाहुरीका ५३७, बाढीका ४६६, जनावरको आक्रमण का ४१७ र चट्याङका ३३३ घटना भएका छन् । त्यसैगरी, वन डढेलोका १९२, लेक लाग्नेका ७९, हिउँपहिरोका छ, भूकम्पका नौ, असिनाका चार, डुङ्गा पल्टिनेका दुई, विस्फोटन को एक र अन्य पाँच घटना भएका छन् ।

विपद्का घटनामा परी सर्पदंशबाट ११६, पहिरोबाट ७७, बाढीबाट ४१, चट्याङबाट ३६, आगलागीबाट ३२, लेक लागेर २७, जनावरको आक्रमणबाट २३, हिउँपहिरोबाट १९, हावाहुरीबाट १६, भारी वर्षाबाट सात, डुङ्गा पल्टिएर पाँच, वन डढेलोबाट एक, विस्फोटन बाट एक र अन्य घटनामा पाँच जनाको मृत्यु भएको छ ।

विपद्का घटनामा परी हालसम्म दुई हजार ५२९ जना घाइते भएका छन् भने नौ हजार ८५७ परिवार विस्थापित भएका प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ। भदौ १० गतेको रसुवाको भोटेकोशीको बाढीको विस्तृत क्षति विवरण प्रणालीमा समाविष्ट गर्न बाँकी रहेकाले यो तथ्याङ्कमा उल्लेख नगरिएको प्राधिकरणले संचार मीहिरुलाई जानकारी दिइएको छ ।

पोखरा चिनाउँदै विदेशी ‘कन्टेन्ट क्रिएटर’

गण्डकी । अन्तराष्ट्रियस्तरमा पर्यटकीय सहर पोखरालाई चिनाउन विभिन्न सात देशका पर्यटनसम्बन्धी सामग्री निर्माता ‘ट्राभल कन्टेन्ट क्रिएटर’ यतिबेला पोखरामा छन् ।

‘प्रकृति, संस्कृति र साहस’ मा आधारित यहाँका पर्यटकीय गन्तव्यलाई सामाजिक सञ्जाल लगायत डिजिटल माध्यमबाट विश्व पर्यटन बजारमा प्रवर्द्धनका लागि उनीहरु पोखरा आएका हुन् । नेपाल पर्यटन बोर्ड र टिकटकको सहकार्यमा पोखरा आएका कन्टेन्ट क्रिएटरले यहाँका विभिन्न गन्तव्यमा पुगी भिडियो सामग्री निर्माण गरिरहेको बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले बताउनुभयो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सक्रियतामा फ्रान्स, पोर्चुगल, ट्युनिसिया, दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स (युएई), बङ्गलादेश र श्रीलङ्काका कन्टेन्ट क्रिएटर पोखरा आएको उहाँको भनाइ छ। “ट्राभल कन्टेन्ट क्रिएटरले पहिलो चरणमा पोखरा, चितवन र बर्दियाको प्रवर्द्धनात्मक भिडियो सामग्री निर्माण गरी टिकटिकलगायत सामाजिक सञ्जालमार्फत प्रचार-प्रसार गर्नेछन्”, बोर्डका कार्यकारी सदस्य पोखरेलले भन्नुभयो, “यो अभियान वर्षभरि नै सञ्चालन हुन्छ, अन्य देशका प्रभावशाली कन्टेन्ट क्रियटरलाई पनि नेपालको भ्रमण गराएर विश्वमाझ नेपालको पर्यटन प्रवर्द्धन गर्ने बोर्डको योजना छ ।” चर्चित कन्टेन्ट क्रियटरको टिकटक लगायत सामाजिक सञ्जालका माध्यमबाट पोखराको पर्यटनलाई विश्वभर प्रवर्द्धन गर्न सकिने हुँदा बोर्डको अभियान प्रभावकारी हुने पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले बताउनुभयो । “धेरै फलओर्स भएका कन्टेन्ट क्रिएटरले टिकटिकबाट पोखराको भिडियो राख्दा त्यो विश्वभरका लाखौं दर्शकमाझ पुग्न सक्छ”, उहाँले भन्नुभयो, “गन्तव्य प्रवर्द्धनका लागि सामाजिक सञ्जालमा राखिने छोटो भिडियो सामग्री पछिल्लो धेरै प्रभावकारी देखिएको छ ।”

भिमादमा सयपत्री फूलखेतीप्रति बढ्दो आकर्षण

दमौली । तनहुँको भिमाद नगर पालिका मा सयपत्री फूलखेती प्रति किसानको आकर्षण बढ्दै गएको छ । स्थानीयस्तरमै फूल उत्पादन हुन थालेपछि चाडपर्वका बेला बाहिरबाट आयात गरिने फूलको विकल्प तयार हुँदै गएको छ । उत्पादन भएको फूललाई लामो समयसम्म ताजा राख्ने भण्डारण सुविधाको अभावले भने किसानलाई चिन्तित बनाएको छ ।

भिमाद नगरपालिका-५ र ६ का विभिन्न स्थानमा किसान तिहारलाई लक्षित गरी सयपत्री फूलखेतीमा जुटेका छन् । स्थानीय माटोमा फुलेका पहेँला र सुन्तला रङका सयपत्रीले उनीहरूका बारीमात्रै सजाएका छैनन्, स्थानीय उत्पादनबाटै चाडपर्वको माग पूरा गर्न सकिने सम्भावना देखाएका छन् । भिमाद नगरपालिका-६ अन्तर्गत बाग्टारको बाँघकुनामा रेनु थापा, सिमबोट जलौदीमा जानुका थापा र बद्रिनाथ गैह्रे तथा ऋषिङ पाटनमा बालकृष्ण गैह्रेले सयपत्री फूलखेती गर्नुभएको छ । उहाँहरूले दुई-दुई



रोपनी क्षेत्रफलमा फूलखेती गर्नुभएको हो ।

स्थानीय किसानलाई फूलखेतीतर्फ आकर्षित गर्न भिमाद नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग गर्दै आएको छ । नगरपालिकाको कृषि विकास शाखामार्फत प्राप्त सहयोगले किसानलाई फूलखेती विस्तार गर्न प्रोत्साहन मिलेको कृषक रेनु थापाले बताउनुभयो । स्थानीयस्तरमा उत्पादन भएको फूलको प्रयोग बढाउन सके बाहिरबाट आयात हुने फूलमा निर्भरता घट्नुका साथै स्थानीय किसानको आम्दानी बढाउन सकिने अपेक्षा गरिएको उहाँको भनाइ छ । फूलखेतीमा आकर्षण बढे पनि उत्पादित फूलको व्यवस्थापन भने चुनौतीपूर्ण बन्दै गएको किसान बालकृष्ण गैह्रेले बताउनुभयो । फूल समयमै बिक्री हुन नसके खेर जाने जोखिम हुने र फूल टिप्ने समय नजिकिँदै जाँदा त्यसलाई ताजा राख्ने उचित व्यवस्था नहुँदा लगानी र मिहिनेत खेर जाने चिन्ता थपिएको उहाँको भनाइ छ । सयपत्री फूल लामो समयसम्म ताजा राख्न आवश्यक चिस्यानयुक्त भण्डारण सुविधा नहुँदा बजारमा माग र आपूर्तिबीचको तालमेल मिलाउन कठिन हुन भएको किसान बद्रीनाथ गैह्रेले बताउनुभयो ।

उहाँले भन्नुभयो, “यहाँका सयपत्री फूललाई स्थानीय बजारमा प्राथमिकता दिनसके किसानको मिहिनेतको सम्मान हुनुका साथै आगामी वर्षमा थप क्षेत्रफलमा फूलखेती गर्न प्रेरणा मिल्नेछ ।”

जुरेढुङ्गा ओझेलमा

रसुवा । आन्तरिक तथा बाह्य पर्यटनको प्रचुर सम्भावना बोकेर पनि जुरेढुङ्गा ओझेलमा परेको छ । रसुवाको नौकुण्ड गाउँपालिका-१ मा अवस्थित समुद्र सतहबाट दुई हजार ९८० मिटरको उचाइमा रहेको यो क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता र धार्मिक किंवदन्तीले भरिपूर्ण छ । जुरेढुङ्गाको पुछारमा सिप्पुङ (सिपाङ) खर्क रहेको छ, जहाँबाट नौकुण्ड गाउँपालिकाका थाङ्दोर, लाङ्बु, यार्सा, आरूखर्क, लार्च्याङटार, फाम्चेत, पाच्याङ, चिलाउने गाउँ, पाटीखर्क, भञ्ज्याङ डाँडा, सरमथली र सातधारे हिमालको मनोरम दृश्यावलोकन गर्न सकिन्छ ।

यहाँबाट छिमेकी जिल्ला नुवाकोटका बोहोरे, कटुञ्जेदेखि ककनी र चिसापानीलगायतका डाँडाकाँडा स्पष्ट नियाल्न सकिन्छ । लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने जुरेढुङ्गा वरपर थुप्रै खर्क र आकर्षक स्थलहरू छन् ।

चैत-वैशाखमा ३२ भन्दा बढी प्रजातिका लालीगुराँस फुल्ने गर्छन् । जैविक विविधतायुक्त यस क्षेत्रमा लोपोन्मुख वन्यजन्तु रेडपाण्डा (रातोहाब्रे)को समेत वासस्थान छ । यहाँ ठूला-ठूला गुराँस, खस्रु र गोब्रेसल्लाका रुखहरू रहेकाले जङ्गलको मनोरम आनन्द लिन सकिन्छ ।

उक्त क्षेत्रको पर्यटन प्रवर्द्धन र पूर्वाधार विकासबारे नौकुण्ड गाउँपालिकाका उपाध्यक्ष चन्द्र बहादुर गलानले जुरेढुङ्गालाई प्रमुख पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न पालिकाका तर्फबाट विभिन्न प्रयास भइरहेको बताउनुभयो । यस क्षेत्रमा सडक सञ्जालको सहज पहुँच पुऱ्याउन र पर्यटन प्रवर्द्धनका लागि पालिकाबाट योजनाबद्ध रूपमा प्रयासहरू भइरहेका छन् ।

यसैगरी, रसुवा नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपानेले जुरेढुङ्गा आन्तरिक तथा बाह्य पर्यटन दुवैका लागि हाइकिङ (पदमार्ग)को उत्कृष्ट सम्भावना भएको ठाउँ रहेको बताउनुभयो । पर्यटकीय विकासका लागि समाजले चालेको कदमबारे उल्लेख गर्दै अध्यक्ष न्यौपानेले जुरेढुङ्गा र आसपासका क्षेत्रलाई हाइकिङ गन्तव्यका रूपमा स्थापित गर्न र प्रचारप्रसारलाई व्यापक बनाउन समाजले विशेष पहल सुरु गरेको छ । यहाँको तामाङ वेशभूषा, रैथाने संस्कृति, सूर्योदय र सूर्यास्तको दृश्य, चौँरी एवं भेडाका खर्कहरू र कृषि तथा तरकारी फर्महरू यहाँका थप आकर्षण हुन् । रसुवा, नुवाकोट र काठमाडौँबाट छोटो बिदा मिलाएर यहाँको यात्रा सजिलै तय गर्न सकिन्छ । जुरेढुङ्गा पुग्नका लागि विभिन्न यातायातका मार्ग प्रयोग गर्न सकिन्छ । पासाङल्हामु राजमार्गको गोम्बोडाँडा-स्याउबारी बाट गैरीनागी, भूमेस्थान, लोकिल, सानोआले र दिलिङ हुँदै यहाँ पुग्न सकिन्छ । कालिकास्थान घुम्तीबाट जिर्वाजिवे, ज्याङलाङ, आहालडाँडा, गैरीनागी, भूमेस्थान, लोकिल, सानोआले र दिलिङ भएर पनि यात्रा तय गर्न सकिन्छ ।

नुवाकोटको विदुरबाट नुवाकोट दरबार, चोकदे, लच्याङ, सरमथली, पाच्च्याङ, लाङ्बु (बिजिली जोङ) भएर तथा बेत्रावतीबाट नौकुण्ड गाउँपालिकाको पाच्र्याङ पुगेर पर्यटकीयस्थलमा पुग्न सकिने स्थानीयले जनाएका छन् ।

देवदहमा तीन महिने कथिन चीवर दान

रूपन्देही । रुपन्देहीको देवदहमा कथिन चीवर दान कार्यक्रम आयोजना गरिएको छ । यशोधरा भिक्षुणी विहार देवदह र त्रिरत्न वन्दना पुचः बुटवलको संयुक्त आयोजनामा आइतबार तीनमहिने वर्षावास पूरा गरेका भिक्षु तथा भिक्षुणीलाई पहिलो पटक कथिन चीवर दान गरिएको हो ।

विहार व्यवस्थापन समिति का सचिव तिलविक्रम बुढाथोकीका अनुसार कार्यक्रममा २० जना भिक्षु तथा भिक्षुणी सहभागी थिए । विहारमा श्रीलङ्काका चन्दनन्द भन्ते र अमेरिकाका श्रामणेर सुमनाले वर्षावास गर्नुभएको थियो । कार्यक्रममा देवदह, बुटवल, काठमाडौँलगायत देशका विभिन्न स्थान तथा भूटानबाट आएका उपासक-उपासिकाको सहभागिता रहेको थियो । स्थानीय पत्रकार विष्णु पोखरेलले बुद्ध शिक्षाले मानव जीवनमा मैत्री, करुणा, अहिंसा, सद्भाव र परोपकारको भावना विकास गर्न प्रेरित गर्ने बताउनुभयो । बुद्धका उपदेशलाई व्यवहारमा उतार्न सके समाजमा शान्ति, सहिष्णुता र आपसी सद्भाव कायम गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो । बौद्ध शिक्षाकाङ्गाता टङ्क सुनारले कथिन चीवर दान बौद्ध धर्मको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक परम्परा भएको बताउनु भयो । वर्षावास पूरा गरेका भिक्षु तथा भिक्षुणीलाई चीवर दान गर्नु सङ्घप्रतिको श्रद्धा, त्याग र पुण्य सञ्चयसँग जोडिएको परम्परा भएको उहाँले उल्लेख गर्नुभयो । थेरवाद बौद्ध परम्परामा कथिन चीवर दानलाई अत्यन्त पवित्र र ऐतिहासिक महत्वको सङ्घदानका रूपमा लिइन्छ ।

वर्षायाममा तीन महिना वर्षावास बसेर साधना पूरा गरेका भिक्षु-भिक्षुणीलाई चीवर अर्थात् वस्त्र दान गर्ने परम्परालाई कथिन चीवर दान भनिन्छ । यो दान वर्षावास समाप्त भएपछि आश्विन पूर्णिमादेखि कार्तिक पूर्णिमासम्म गरिन्छ ।

चितवनमा लङ्गुरबुर्जा नियन्त्रण अभियान

नारायणगढ (चितवन) । चितवनमा लङ्गुरबुर्जा खेल्ने क्रम बढेपछि प्रहरीले नियन्त्रण अभियान सञ्चालन गरेको छ । जिल्ला प्रहरी कार्यालय चितवन र मातहतका प्रहरी एकाइले दसैँ र तिहारको बीचको अवधिलाई लक्षितगरी सञ्चालन गरेको अभियानमा हालसम्म दुई हजार ३३३ वटा गोटी, ५३६ वटा पाल र ४०८ वटा बाल्टिन नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रामेश्वर पौडेलका अनुसार लङ्गुरबुर्जा खेलिरहेको अवस्थामा दर्जनौँ जनालाई नियन्त्रणमा लिएर उनीहरूलाई एक रात प्रहरी नियन्त्रणमा राखेर सम्झाइबुझाइ गरी अबदेखि नखेल्ने प्रतिबद्धता सहित कागज गराएर अभिभावकको जिम्मा लगाइएको छ ।

सो क्रममा उहाँले भन्नुभयो, “लङ्गुरबुर्जामा जितहार हुने भएकाले जुवाकै एक स्वरूप हो । यसमा मानिसले पैसा अनावश्यक रूपमा खर्च गर्ने गरेको पाइएको छ ।”

उहाँले लङ्गुरबुर्जाका कारण विगतमा झैझगडा हुने र खुकुरी हानाहानसम्मका घटना हुने गरेको सुनिने गरेको बताउनुभयो । यसले विद्यार्थीको पढाइमा असर पार्न सक्ने भएकाले प्रहरीले नियन्त्रण अभियान लाई प्राथमिकता दिएको उहाँको भनाइ छ ।

बागमती प्रदेश सरकार
उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय
उद्योग,वाणिज्य,पर्यटन तथा यातायात कार्यालय
धादिङवेशी,धादिङ

प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आव्हान गरिएको सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०७/१७)

सूचना नं :- ०४-२०८३/८४

यस कार्यालयको आ.व. २०८३/०८४ को लागी स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रविधि हस्तान्तरण कार्यक्रमका लागी विनियोजित बजेट रकमको परिधिभित्र रहि यस जिल्लामा दर्ता कायम रहि सञ्चालनमा रहेका इच्छुक उद्योगहरुको लागि प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची-१ को अधिनमा रही यस कार्यालयको र सम्बन्धित उद्योग/उद्यमीको तर्फबाट लागत साझेदारीमा आफ्नो उद्योगको प्रकृति तथा उद्देश्यसँग सम्बन्धित प्रविधि (मेशिन, औजार र उपकरण) उपलब्ध गराइने भएकोले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (२०८३ साल मंसिर १४ गते सम्म र अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट समेत) कार्यालय समयभित्र रितपूर्वक प्रस्ताव (निवेदन) पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क.स	कार्यक्रमको नाम	लक्षित वर्ग तथा क्षेत्र	बजेट	प्रस्ताव साथ पेश गर्नु पर्ने कागजात
१.	लघु घरेलु तथा साना उद्योगहरुको प्रवद्धनको लागि मागमा आधारित प्रविधि हस्तान्तरण (सरकार र उद्यमीको लागत साझेदारिमा)	धादिङ जिल्लामा सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगहरूका लागी	२० लाख	• कार्यालयले तोकेको ढाँचाको निवेदन • उद्योग दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपी • भ्याट/पान दर्ता नं. र आ.व. ०८२/०८३ को कर चुक्ता पत्र • समावेशी समूहको भएको सोको प्रमाणपत्र • नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि • अनुभव तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि • सम्बन्धित वडाको सिफारिस पत्र • माग गरेको मेशिन उपकरणको स्पेसिफिकेसन / catlog सहित प्रचलित बजार मुल्य खुल्ने आधिकारिक कागजात
२.	नरसिंह धाम दुनाटपरी बनाउने मेशिन खरिद	त्रिपुरासुन्दरि गा.पा. धादिङ	१०लाख	

शर्त तथा प्राथमिकता:

- प्रविधि माग सम्बन्धी निवेदन प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को अनुसूची-२ को ढाँचा अनुसार यस कार्यालयबाट उपलब्ध हुनेछ ।
- यस अघि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट कम्तीमा अन्तिम तीन वर्षसम्म कुनै किसिमको प्रविधि हस्तान्तरण सहयोग वा अनुदान प्राप्त नगरेको हुनुपर्नेछ ।
- यस अघि प्रविधि नलिएका नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहबाट कुनै किसिमको सहयोग वा अनुदान प्राप्त नगरेको भन्ने सिफारिस वा स्वघोषणा निवेदन साथ पेस गर्नु पर्नेछ ।
- सरकारी निकायबाट सिपमूलक तालिम लिइ सञ्चालनमा रहेका उद्योग/उद्यमीहरूलाई प्राथमिकता दिइनेछ ।
- निवेदन दस्तुर वापतको रु. १००।- (एक सय रुपैयाँ) मात्र राजस्व शीर्षक नं. १४२२९ कार्यालय कोड- ३०७०८३००१३ राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, धादिङमा रहेको खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको सक्कल बैंक भौचर निवेदन साथ संलग्न राख्नुपर्नेछ ।
- उद्यमीको प्रस्ताव पेस गर्ने उद्योगको नाममा बैंक खाता हुनुपर्नेछ ।
- प्राप्त प्रस्तावहरूको आवश्यकता अनुसार फिल्ड निरीक्षण समेत गरी मूल्यांकन समितिद्वारा मूल्यांकन गरिनेछ ।
- म्याद नाघी वा रीत नपुगी पेस हुन आएका प्रस्तावहरू स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन ।
- यस बाहेक अन्य विषय प्रचलित कानुन र प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ (संशोधन भइ आएमा सोही अनुसार) बमोजिम हुनेछन् ।
- विस्तृत जानकारीको लागि कार्यालयको सम्पर्क नं.०१०-५२०१७७, ईमेल : dhadingcsidb@gmail.com, फेसबुक पेज : उद्योग तथा वाणिज्य कार्यालय धादिङ मा सम्पर्क गर्न सकिनेछ ।

सम्पर्क व्यक्तिः प्रियदर्शि खनाल (मो.न.९८४७२१८५९६)

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com